**Pennsylvania आप्रवासी शैक्षिक कार्यक्रम**
**(Pennsylvania Migrant Education Program)**

# अभिभावकको लागि
# प्रिस्कूल/किन्डरगार्टेन तैयारी जाँचसूची

प्रिय अभिभावक:

तपाईंको बच्चा स्कूल जाने उमेरमा पुगेका बेला, ऊ वा उनीमा नयाँ र बाल्यावस्थाको चुनौतीपूर्ण क्षणमा सफल हुन आवश्यक सीपहरू विकास भएका छन् कि छैनन् भनेर आश्चर्य मान्दै हुनुहुन्छ होला । यो परिवर्तनकालीन अवस्थामा तपाईंको बच्चालाई सहयोग गर्न, Pennsylvania आप्रवासी शैक्षिक कार्यक्रम ले तपाईंका लागि निम्न आचरणहरूको सूची तयार गरेको छ जुन राज्य भरिका स्कूल डिस्ट्रिक्ट र प्रिस्कूल कार्यक्रमहरूले तपाईको बच्चा स्कूल अनुभवको लागि तैयार छ–छैन भनी बुझ्नको लागि प्रयोगमा ल्याउँछन् । घरैमा तपाईंको बच्चासँग काम गर्नाले उसलाई सरल र रमाइलोसित स्कूल अवस्थामा जान मद्दत मिल्छ । कृपया ध्यानमा राख्नुहोस्: स्थानीय रुपमा निर्धारित गरिएको किन्डरगार्टेन उमेर पूरा गर्ने कुनैपनि बच्चा किन्डरगार्टेनमा उपस्थित हुन योग्य छ। उमेरले-योग्य बच्चालाई किन्डरगार्टेनबाट निकाल्नको लागि यो संसाधन कहिल्यै प्रयोग गरिनु हुँदैन ।

| हो | अहिलेसम्म छैन | सीप क्षेत्र-सामाजिक र भावानात्मक तैयारी |
|---|---|---|
| ☐ | ☐ | 1. के तपाईंको बच्चाले आमा र बुबादेखि टाढा भएकोमा प्रतिक्रिया दिन्छन्? **1.** सजिलै र खुसी साथ छुट्टिन्छ, **2.** लजाएको अभिनय वा विस्तारै मात्र रुन सक्छ, **3.** कठिनाइपूर्वक छुट्टिन्छ (रुन्छ, जान अस्वीकार गर्छ, वा रिसाउँछ) **यदि 1. हो भने हो मा चिन्ह लगाउनुहोस्। यदि 2 वा 3 हो भने अहिलेसम्म छैन मा चिन्ह लगाउनुहोस्** |
| ☐ | ☐ | 2. के तपाईंको बच्चाले उ/उनको भावनाहरू व्यक्त गर्न शारीरिक रुपको सट्टामा शब्दहरूको प्रयोग गर्छन्? उदाहरण: ऊ/उनी रिसाएको, दु:खी भएको, तर्सिएको, वा खुसी, इत्यादि हुँदा के गर्छन्? |
| ☐ | ☐ | 3. के तपाईंको बच्चा पालोपालो र बाँडीचुँडी गर्न सफल भएका छन्? |
| ☐ | ☐ | 4. के तपाईंको बच्चाले दुई-चरणको निर्देशन दिंदा दुवै चरण क्रमैसँग पूरा गर्छन्? |
| ☐ | ☐ | 5. के तपाईंको बच्चाले कथा सुनेर वा 15 देखि 20 मिनेटको क्रियाकलाप सुनेर प्रतिक्रिया दिन्छन्? |
| ☐ | ☐ | 6. के तपाईंको बच्चासँग नियमहरू र परिणामहरूको बुझाई छ? |

**सीप क्षेत्र-स्वास्थ्य र सुरक्षा मद्दत**

| हो | अहिलेसम्म छैन | |
|---|---|---|
| ☐ | ☐ | 1. के तपाईंको बच्चालाई ऊ/उनीको पूरा नाम थाहा छ? |
| ☐ | ☐ | 2. के तपाईंको बच्चाले बाथरुम प्रयोग गर्छन् (साथै ऊ/उनीलाई कहिले बाथरुम प्रयोग गर्नुपर्छ भन्ने कुराको ज्ञान) र आफ्नो हात आफैले धुन्छन्? |
| ☐ | ☐ | 3. के तपाईंको बच्चाले उपयुक्त भाँडाको प्रयोग गरेर आफैले खान र पिउन सक्छन्? (काँटा, चम्चा, हात पुछ्ने रुमाल) |
| ☐ | ☐ | 4. के तपाईंको बच्चाले सुत्ने समयको तालिका बनाएका छन् जसमा समय, आफ्नो सुत्दा लगाउने लुगा, र दाँत माझ्ने कुराहरू समावेश छ? |
| ☐ | ☐ | 5. के तपाईंको बच्चा आफैले बाहिरी लुगा (कोट, जुत्ता, टोपी, पञ्जाहरू) निकाल्ने र लगाउने कार्य गर्न सक्छन्? (साथै चेन लगाउने, बटन लगाउने, र टाई लगाउने)। |

## सीप क्षेत्र-गणितीय सोचाई र वाक्यांश

☐ ☐ 1. के तपाईंको बच्चाले 1 देखि कम्तिमा 20 सम्म गन्ती गर्न सक्छन्?

☐ ☐ 2. के तपाईंको बच्चाले 1 देखि 10 सम्मका संख्याहरू चिन्न सक्छन्?

☐ ☐ 3. के तपाईंको बच्चाले कम्तिमा 4 आकारहरू पहिचान गर्न सक्छन् (उदाहरण: वर्ग, वृत्त, त्रिभुज, आयात)

☐ ☐ 4. के तपाईंको बच्चाले कम्तिमा 4 आकारहरू नक्कल गर्न/कोर्न सक्छन् (उदाहरण: वर्ग, वृत्त, त्रिभुज, आयात)

☐ ☐ 5. के बच्चाले कम्तिमा 10 वस्तुहरूलाई गुणहरू जस्तै साइज, तौल, आकार, वा रंङद्वारा क्रमबद्ध गर्न, तुलना गर्न, वर्गिकरण गर्न सक्छन्?

## सीप-क्षेत्र भाषा

☐ ☐ 1. के तपाईंको बच्चा सामान्य वाक्यहरूमा बोल्छन्?

☐ ☐ 2. के तपाईंको बच्चाले प्रश्नहरूको उत्तर दिन्छन्?

☐ ☐ 3. के तपाईंको बच्चाले सोधिएको बेलामा अनुभवहरू साट्छन्?

☐ ☐ 4. के तपाईंको बच्चाले कविता, गीतहरू, र परिचित पाठ सुनाउँछन्?

☐ ☐ 5. के तपाईंको बच्चाले वाक्यहरू स्पष्ट बोल्न सक्छन् जसले गर्दा ऊ/उनीलाई वयस्कले बुझ्न सकुन?

## सीप-पढाइ क्षेत्र

☐ ☐ 1. के तपाईंको बच्चाले ऊ/उनको नाममा भएका वर्णहरू पहिचान गर्न सक्छन्?

☐ ☐ 2. के तपाईंको बच्चाले तिनीहरूको नाम र आवाजहरूमा केही वर्णहरू सम्मिलित गर्छन्?

☐ ☐ 3. के तपाईंको बच्चाले वर्णहरूलाई संख्याबाट अलग गर्न सक्छन्?

☐ ☐ 4. के तपाईंको बच्चाले किताबहरूमा भएको विवरण प्रयोग गरी तस्वीरहरू व्याख्या गर्न सक्छन्?

☐ ☐ 5. के तपाईंको बच्चाले व्यक्तिगत अनुभवहरूसँग कथाका घटनाहरू जोड्छन्?

## सीप क्षेत्र-लेखाइ

☐ ☐ 1. के तपाईंको बच्चाले विभिन्न लेख्ने र चित्र कोर्ने साधनहरू सही ढंगले समातेर प्रयोग गर्छन्? (उदाहरण: रङ्गीन खरीहरू, सीसाकलमहरू, चिह्नकहरू)

☐ ☐ 2. के तपाईंको बच्चाले वर्ण-जस्तो आकारहरू वा परम्परागत छपाई प्रयोग गरी नाम छाप्न सक्छन्? (कम्तिमा पहिलो नाम)

☐ ☐ 3. के तपाईंको बच्चाले तस्वीरहरू र शब्दहरूद्वारा जानकारी साट्छन्? उदाहरण: एउटा शीर्षकको बारेमा तस्वीर बनाउने र तिनीहरूको रेखाचित्रबारे भन्ने। (तस्वीरमा बच्चाका शब्दहरू लेख्नुहोस्।)

☐ ☐ 4. के तपाईंको बच्चाले चित्र बनाएर यसको बारेमा लेख्न सक्छन्? उदाहरण: तस्वीर बनाउने र उक्त तस्वीरका बारेमा बताउन चिन्हहरू वा शब्दहरू लेख्ने । (बच्चाको लेखाइ)

## सीप क्षेत्र-शारीरिक विकास

☐ ☐ 1. के तपाईंको बच्चाले सही, व्यावहारिक ग्रीपसँग लेख्ने र रेखाचित्र कोर्ने साधनहरू प्रयोग गर्छन्/सक्छन्?

☐ ☐ 2. के तपाईंको बच्चाले सक्रिय/पूरा मोटर खेल्दा (दौड्नु, उफ्रनु, चढ्नु) शरीरको चालहरूको तालमेल गर्छन्/ गर्न सक्छन्?

☐ ☐ 3. के तपाईंको बच्चाले नियन्त्रण र उद्देश्यको साथ कैंची प्रयोग गर्छन्/सक्छन्?

☐ ☐ 4. के तपाईंको बच्चाले शरीरको भागहरू पहिचान गर्न र देखाउन सक्छन्?

☐ ☐ 5. के तपाईंको बच्चाले कार्य पूरा गर्न (मालाको डोरी, कार्य पजलहरू, जिप/बटन) आँखा र हातको चालहरूको तालमेल गराउँछन्/गर्न सक्छन्?

☐ ☐ 6. के तपाईंको बच्चा आफैले सिंढी चढ्न र झर्न सक्षम छन्?

**विद्यार्थी समर्थन हस्ताक्षर**____________________ **मिति**________________

**अभिभावकको हस्ताक्षर**____________________ **मिति**________________